# विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको स्थिति

हरिबहादुर थापा

**सार**

*विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको स्थिति शीर्षकमा गरिएको अध्ययनको मुख्य उद्देश्य विद्यालयमा विद्यमान स्रोत साधनको पुनरावलोकन गरी भविश्यको आवश्यकता पहिचान गर्नु रहेको थियो । विद्यँलयमा गरिने योजना प्राविधिक कार्य मात्र नभएर मानवीय अन्तरसम्बन्ध स्थापना गर्नुपनि हो । विद्यालयको विकाससँग सम्बन्ध राख्ने सरोकारवालाहरुको सक्रिय एवं अर्थपूर्ण सहभागिता सुनिश्चित गर्न सकेमा मात्र विद्यालय योजना निर्माणको औचित्य स्थापना गर्न सकिने यथार्थतालाई मध्यनजर गरी अध्ययन गरिएको थियो । अछाम जिल्लाको विनायक स्रोतकेन्द्रमा आधारित यो प्रस्तुत लेख त्यहि अध्ययनको संक्षिप्त रूप हो । स्थानीय स्वायत्तता, विकेन्द्रीकरण, संघीयताको सैद्धान्तिक अवधारणाको व्याख्या गरिएता पनि नेपालको विशिष्ट यथार्थतामा त्यो अनुभूति हुन अझै सकेको छैन । शैक्षिक विकेन्द्रिकरण नीति अनुरूप शैक्षिक योजनाहरु निर्माण हुन सकिरहेका छैनन् । योजना निर्माणमा देखिएका समस्याहरु के-कस्ता छन् भन्ने सम्बन्धमा व्यवहारिक अनुभवमा आधारित अध्ययन गरिएको थियो । योजना निर्माण गरेर काम गर्ने संस्कारको कमी भएकोले शैक्षिक क्षेत्रको सुधार हुन नसकेको निष्कर्ष प्रस्तुत गरिएको छ ।*

**प्रमुख शब्दहरू :** स्थानीय स्वायत्तता, विकेन्द्रीकरण, संघीयता

## परिचय

केन्द्रीय शासन प्रणालीलाई विकेन्द्रित गरी स्थानीय निकायलाई आवश्यक स्रोत र साधन उपलब्ध गराई स्थानीय जनताको सक्रिय साझेदारीमा योजना निर्माण, कार्यान्वयन र अनुगमन सम्मको अधिकार प्रत्यायोजन गरी स्थानीय आवश्यकता र चाहना अनुसारको कार्यक्रम निर्माण र कार्यान्वयन हुन सकोस भन्ने उद्देश्यले नेपाल सरकारको तर्फबाट विभिन्न कार्यक्रम तथा रणनीतिहरू तय गरी कार्यान्वयनको क्रममा राखिएको छ । मानव अधिकार, बाल अधिकार, महिला अधिकार, शैक्षिक अधिकार, सबैका लागि शिक्षा जस्ता अन्तर्राष्ट्रिय घोषणा तथा नारा एवम् प्रतिवद्धताले गर्दा शिक्षाप्रति बढ्दो जनआकांक्षा तथा चाहानालाई दृष्टिगत गरी शैक्षिक अवसरको सृजना तथा परिपूर्ति राज्य स्तरबाट मात्र सम्भव नभएकाले शिक्षालाई जनस्तरसम्म पुर्‍याउन विकेन्द्रित शैक्षिक योजना तथा व्यवस्थापनको आवश्यकता देखिएकाले नेपालले यसप्रति आफ्नो प्रयासलाई अगाडि बढाएको छ ।

"स्थानीय स्वायत्त शासन ऐन २०५५" जारी भएपछि नेपालमा विकेन्द्रीकरणको प्रभाव परेको देखिन्छ । यसलाई कार्यान्वयन गर्ने क्रममा शैक्षिक योजना तथा व्यवस्थापनमा पनि विकेन्द्रीकरणको प्रारम्भ भयो । यसपछि शैक्षिक योजनामा Top to bottom को सट्टा Bottom up Approach ले मान्यता पायो । यसै अन्तर्गत प्रत्येक विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी केन्द्रले राष्ट्रिय योजना तयार गर्ने अवधारणाको विकास गर्‍यो ।

नेपालको सन्दर्भमा शैक्षिक योजनाको सबैभन्दा तल्लो निकाय विद्यालय मानिन्छ । विद्यालयमा बनाइने समयावधिक योजनालाई विद्यालय सुधार योजना भनिन्छ । विद्यालयका सरोकारवालाहरूले छलफल तथा समन्वय गरी निश्चित अवधि (५ वर्ष) का लागि यो योजना बनाउछन् । विद्यालयको मौजुदा अवस्थालाई केलाएर विद्यालयका मुद्दाहरू, कमजोरीहरू, निराकरणका उपायहरू आदि विद्यालय सुधार योजनाका कार्यक्षेत्र अन्तर्गत पर्दछन् । "विद्यालय सुधार योजना भनेको विद्यालयलाई बदलिँदो परिस्थितिको माग मुताविक विद्यार्थीहरूका पहुँच एवं सिकाई उपलब्धिमा सुधार ल्याउन तयार गरिने रणनैतिक योजना हो" (विद्यालय सुधार योजना तालिम पुस्तिका, २०५६) ।

शैक्षिक विकेन्द्रीकरण अन्तर्गत विद्यालय सुधार योजना निर्माणमा जोड दिन थालियो । यसको विधिवत शुरूवात २०५६ मा आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम दोस्रो चरण लागू भएसँगै आ.व.२०५६/०५७ देखि स्थानीय क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत कार्यान्वयन हुँदै

आएको छ। शुरूमा १२ जिल्लामा विद्यालय सुधार योजना निर्माण कार्यलाई विस्तार गरियो। विद्यालय सुधार योजना कार्यक्रमको तेस्रो वर्ष आ.व. २०५८/०५९ देखि ७५ वटै जिल्लाका सबै विद्यालयले अनिवार्य विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने प्रावधान राखी सबै जिल्लामा क्षमता अभिवृद्धि गर्न ६ दिने तालिमको व्यवस्था गरियो। यसरी विद्यालयले निर्माण गरेको विद्यालय सुधार योजनाको आधारमा शैक्षिक लगानी गर्ने मोडालिटीमा रहेर हाल देशैभरी यो कार्यक्रम कार्यान्वयन गरिएको छ।

**अध्ययनको समस्या**

विद्यालयको चौतर्फी तथा सर्वाङ्गिण विकासका लागि विद्यालय सुधार योजनाको महत्त्वपूर्ण भूमिका रहन्छ । विद्यालयको स्वामित्व समुदायमा नै रहनु पर्दछ भन्ने धारणाको विकास भएको छ। विद्यालयको व्यवस्थापनको जिम्मेवारी समुदायलाई नै हस्तान्तरण गर्ने कार्यको थालनी भैरहेको छ । सरकारले गरेको ठूलो लगानीबाट पनि प्रतिफल निराशाजनक आएपछि विकेन्द्रीकरण नीति अनुरूप विद्यालय सुधार योजना कार्यान्वयनमा आएको हो । विद्यालयहरूले विद्यालय सुधार योजना निर्माण त गरे तर त्यसको उद्देश्य र मर्म अनुरूप कार्य नभएको विभिन्न स्रोतहरूबाट जानकारीमा आएको छ । प्रत्येक विद्यालयले सुधार योजना निर्माण गरेका छन् तर पनि ती विद्यालयहरूको सुधार हुन किन सकेन, प्रभाव पार्ने तत्त्वहरू के-के हुन सक्छन्, समाधानका उपायहरू के-के हुन सक्छन् यी गम्भिर प्रश्नहरू हुन्।

**अध्ययनको उद्देश्य**

यस अध्ययनको उद्देश्य विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको स्थिति केलाउने, कार्यान्वयनमा प्रभाव पार्ने तत्त्वहरूको विश्लेषण गर्ने, कार्यान्वयनमा देखिएका चूनौतिहरू पहिचान गरी निराकरणका उपायहरू प्रस्तुत गर्ने रहेको छ।

**अध्ययनको ढाँचा**

यो अध्ययन अछाम जिल्लाको विनायक स्रोतकेन्द्र अन्तर्गतका विद्यालयहरूमा गरिएको छ । अध्ययनको ढाँचा वर्णनात्मक तथा विश्लेषणात्मक रहेको छ।

**अध्ययन विधि**

यो अध्ययन अछाम जिल्लाको विनायक स्रोतकेन्द्र अन्तर्गतका ७२ वटा विद्यालयहरू मध्ये उद्देश्यपूर्ण नमुना छनौट (Purposive Sampling) को आधारमा १२ वटा विद्यालय अध्ययनमा छनौट गरिएको थियो । अध्ययनका लागि प्राथमिक र सहायक स्रोतहरू (Primary and Secondary Sources) बाट तथ्याङ्क संकलन गरिएको थियो। स्थलगत अध्ययनमा प्रश्नावली, अनुसूची, अन्तर्वार्ता र अवलोकनको माध्यमबाट तथ्याङ्क संकलन गरिएको थियो । छनौटमा परेका विद्यालयका प्र.अ., वि.व्य.स. अध्यक्ष, शि.अ.सं. अध्यक्ष, स्रोतव्यक्ति, शिक्षक, विद्यार्थी अध्ययनको जनसंख्यामा रहेका छन्।

**अध्ययनको व्याख्या विश्लेषण**

अध्ययनको क्रममा गरिएको सामग्री सङ्कलनका आधारमा गरिएको व्याख्या तथा विश्लेषणलाई निम्नानुसार प्रस्तुत गरिएको छः

**विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको स्थिति**

अछाम जिल्लाको पूर्वी भागमा पर्ने विनायक स्रोतकेन्द्र अन्तर्गत विनायक, कालीकास्थान, लयाटी, कालेकाँडा, बारला, पुल्लेतोला, तोली र कुइका गरी ८ गा.वि.स.का विद्यालयहरू पर्दछन्। यस स्रोतकेन्द्र अन्तर्गत १ स्रोतकेन्द्र विद्यालय तथा ७१ समूह विद्यालय गरी ७२ वटा विद्यालयहरू रहेका छन् । ती मध्ये प्रा.वि. ४५ वटा, नि.मा.वि. १५ वटा, मा.वि. ८ वटा र उच्च मा.वि. १ वटा गरी ६९ वटा सामुदायिक विद्यालय छन् भने ३ वटा संस्थागत विद्यालय रहेका छन् । अध्ययनमा समेटिएका १२ वटा विद्यालयहरूमा उ.मा.वि. विनायक, मा.वि. बारला, मा.वि. तोली, मा.वि. कालेकाँडा, मा.वि. लयाटी, नि.मा.वि. राँकु, नि.मा.वि. विनायक, नि.मा.वि. पुल्लेतोला, प्रा.वि. बारला, प्रा.वि. लयाटी, प्रा.वि. कालीकास्थान र प्रा.वि. विनायक आदि विद्यालयहरू पर्दछन्। उक्त नमूना छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स. अध्यक्ष, अभिभावक, स्रोतव्यक्ति तथा वि.नि.बाट प्राप्त सूचना र तथ्याङ्कको आधारमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको अवस्थालाई यसरी प्रस्तुत गरिएको छ।

विनायक स्रोतकेन्द्रमा शैक्षिक सत्र २०६१/०६२ मा विद्यालय सुधार योजना निर्माण सम्बन्धी ६ दिने तालिम जिल्ला शिक्षा कार्यालय अछामले पहिलो पटक प्र.अ. तथा वि.व्य.स. अध्यक्षलाई प्रदान गरेको थियो । विद्यालय सुधार योजना निर्माणका लागि जि.शि.का.ले विद्यालयलाई आर्थिक सहयोग

समेत गरेको थियो। तर विद्यालयहरूले विद्यालय सुधार योजना निर्माणलाई औपचारिकतामा मात्र सीमित गरेका थिए। स्रोतकेन्द्रले बजेट कार्यक्रम सञ्चालनमा सहयोग गरेको थियो। सम्बन्धित विद्यालयका प्र.अ. र शिक्षकले मात्र योजना निर्माणमा काम गरेको पाइयो भने अभिभावक तथा समुदायको चासो त्यति नरहेको पाइयो। विद्यालय सुधार योजनाको बारेमा बुझेपनि कार्यान्वयनमा चासो देखिएन । केही विद्यालयहरूले त योजनाको जानकारी स्रोतकेन्द्रसम्म पठाएके देखिएन। योजना निर्माणमा प्र.अ. र वि.व्य.स. अध्यक्षको सम्बन्धमा तालमेलको अभाव देखियो। विद्यालयले योजना निर्माण र कार्यान्वयनमा आर्थिक सहयोगको अपेक्षा गरेका तर स्रोतकेन्द्रमा त्यो क्षमता नरहेको देखियो। योजना निर्माणमा सबै पक्षलाई समावेश गर्न कठिनाई भएको पाइयो। योजना कार्यान्वयनमा अनुगमन र मूल्याङ्कन गर्न नसकिएको देखियो। योजना निर्माणमा वजेट आवश्यक पर्ने कार्यक्रमहरू र बजेट आवश्यक नपर्ने कार्यक्रमहरू सम्पन्न गर्ने सन्दर्भमा ४६.८७ प्रतिशत सम्पन्न भएका र ५३.१३ प्रतिशत सम्पन्न नभएका पाइयो। जिल्ला शिक्षा कार्यालयबाट अनुदान प्राप्त गर्दा सम्बन्धित विद्यालयको योजना मूल्याङ्कन गरेर गर्नुपर्नेमा राजनीतिक दल र शिक्षकका पेशागत संगठनहरूको बाँडफाँटमा गरिएको पाइयो। योजना कार्यान्वयन हुन नसक्नुमा एकले अर्कोलाई दोष दिएर पन्छिने प्रवृत्ति मुख्य देखियो।

**विद्यालय सुधार योजनामा देखिएका समस्या तथा चुनौतिहरू**

अध्ययन क्षेत्रका विद्यालयका प्र.अ., शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय, जि.शि.का., स्रोतकेन्द्र आदि विद्यालय सुधार योजनासँग सरोकारवाला व्यक्ति वा संस्थासँग भएका प्रत्यक्ष भेटघाट, छलफल, अन्तर्क्रिया, अवलोकनको माध्यमबाट संकलित सूचना तथा तथ्याङ्कहरूको आधारमा विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्या तथा चूनौतिहरू यसप्रकार प्रस्तुत गरिएको छ।

अभिभावकहरूमा विद्यालय सुधार योजना सम्बन्धी जानकारी नहुनु, छलफलमा निष्कर्षको समयावधिसम्म नबस्नु, योजना निर्माण गर्ने कार्य विद्यालयको मात्र हो भन्ने बुझाई हुनु, आर्थिक स्रोत पहिचान गर्न नसक्नु, योजनाको निर्माण र कार्यान्वयनमा चासो नराख्नु, विद्यालयले सबैलाई समेटी कार्य गर्न नसक्नु, अरू व्यक्ति वा निकायको अपेक्षा बढी गर्नु आदि विद्यालय सुधार योजनासँग सम्बन्धित समस्याहरू रहेको पाइयो।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनको सन्दर्भमा विद्यालय र समुदाय बीचको सम्बन्ध राम्रो हुन नसक्नु, अभिभावकमा चेतनाको कमी देखिनु, योजना निर्माण प्रक्रियामा सरोकारवालाहरूको सहभागिता कम हुनु, भेलामा केही टाँटावाँठाहरूको मात्र उपस्थिति हुनु, संघसंस्थाका प्रतिनिधिहरूको सहभागिता नहुनु, एकअर्कोलाई दोषारोपण गरेर आफू पन्छिने प्रवृति रहनु आदि जस्ता समस्याहरू रहेको देखियो।

त्यसैगरी विद्यालय सुधार योजनामा देखिएका समस्या र चूनौतिहरूमा विद्यालयले सरोकारवालाहरूलाई योजना सम्बन्धी धारणा प्रष्ट पार्न नसक्नु, छलफलमा समुदायको उपस्थितिमा चासो नहुनु, विद्यालयप्रति अभिभावक र समुदायको विश्वासमा अभिवृद्धि हुन नसक्नु, योजना निर्माणमा विद्यालयको प्र.अ.ले राम्रो भूमिका निर्वाह गर्न नसक्नु, व्यक्तिहरूमा राजनैतिक पूर्वाग्रहले गर्दा काममा सहयोग गर्ने वातावरण नहुनु, विद्यालयको प्र.अ. र वि.व्य.स. को अध्यक्ष बीच सम्बन्ध राम्रो नहुनु, अभिभावक तथा समुदायको विद्यालयप्रति अपनत्वको भावनामा कमी हुनु, विद्यालयको क्रियाकलापमा पारदर्शिताको कमी हुनु, विद्यालयको आर्थिक अवस्था कमजोर हुनु, स्थानीय जनश्रमदानमा कमी देखिनु, विद्यालयमा राजनैतिक हस्तक्षेप बढ्नु आदि रहेको पाइयो।

अन्य समस्या र चुनौतिहरूमा सामुहिक कार्य गर्ने भावनाको अभाव हुनु, प्र.अ.ले सबै पक्षलाई विद्यालयप्रति आकर्षण गर्न नसक्नु, योजना निर्माण प्रक्रियामा विद्यालयले ध्यान दिन नसक्नु, योजनासँग सम्बन्धित कागजातहरू दराजमा त्यतिकै थन्किनु, जि.शि. कार्यालयको निर्देशन पालना गर्नका लागि मात्र सीमित हुनु, योजनाको आवधिक समीक्षा नहुनु, सहभागिताको नाममा औपचारिकतामा सीमित हुनु, सबै विद्यालयले योजनाको निर्माण र कार्यान्वयन गर्न नसक्नु आदि यावत् समस्या र चूनौतिहरू विद्यमान रहेको पाइयो।

**निराकरणका उपायहरू**

विनायक स्रोतकेन्द्र अन्तर्गतका छनौटमा परेका विद्यालयहरूका प्र.अ., शिक्षक, विद्यार्थी, वि.व्य.स., शि.अ.सं., स्रोतव्यक्ति, वि.नि., अभिभावक तथा समुदायसँग लिइएको अन्तर्वार्ता, छलफल, प्रश्नावली, अवलोकन तथा अनुभवहरूको आधारमा विद्यालय सुधार योजनामा देखिएका समस्या र चूनौतिहरूको समाधानका उपायहरू यसप्रकार प्रस्तुत गरिएको छ।

विद्यालय सुधार योजना निर्माण र कार्यान्वयनमा देखिएका समस्या र चूनौतिहरूमा उल्लेख गरिएका कुराहरूलाई पुरा गर्न सक्नु नै समाधानमा पुग्नु हो। यसबाहेक समाधानका

उपायहरूमा सहभागितामूलक भेला आयोजना गर्ने जिम्मेवारी प्र.अ.ले लिनुपर्ने, विद्यालय सेवा क्षेत्र निर्धारण गर्नुपर्ने, सरोकारवाला सबैलाई सक्रिय बनाइनु पर्ने, आर्थिक स्रोत जुटाउन स्थानीय स्रोत साधनलाई उपयोग गर्नु पर्ने, स्थानीय राजनीतिक दलका प्रतिनिधिहरूलाई योजना निर्माणमा सक्रिय सहभागी बनाइनु पर्ने, विद्यालयको अनुगमन र मूल्याङ्कन परिपाटीलाई निरन्तरता दिनु पर्ने, प्र.अ., शिक्षक, वि.व्य.स. र अभिभावकहरूको बीचमा राम्रो सम्बन्ध कायम गरिनु पर्ने, विद्यालय हामी सबैको हो सबैले विद्यालय प्रतिको जिम्मेवारी पुरा गर्नुपर्दछ भन्ने धारणा विकास गर्नुपर्ने, बैठक भत्ताको व्यवस्था गर्न स्थानीय स्रोतको खोजी गरिनु पर्ने, अभिभावक तथा समुदायलाई विद्यालयप्रति बढी जिम्मेवारी बन्न विद्यालयले विभिन्न कार्यक्रमको आयोजना गर्नु पर्ने, शिक्षक, प्र.अ. र विद्यार्थीहरू बीच अन्तर्क्रिया, छलफलको वातावरण सिर्जना गर्नु पर्ने, विद्यालयलाई राजनैतिक दवावको थलोबाट मुक्त गर्न सक्नु पर्ने, बजेटको व्यवस्था गर्नु पर्ने, सरकारी तथा गैरसरकारी संघसंस्थाहरूसँग सहयोगको लागि समन्वय गर्नु पर्ने आदि पर्दछन् ।

## निष्कर्ष

विद्यालयको चौतर्फी विकासका लागि सरोकारवाला व्यक्ति वा संस्थाहरूको संलग्नता र जिम्मेवारीको आवश्यकता पर्दछ । विद्यालयमा योजना निर्माण गरी अगाडि बढेमा विद्यालयको लक्ष्य, उद्देश्य हासिल हुन्छ । विद्यालय र समुदायको बीच जति निकटता हुन्छ त्यति विद्यालयको विकास हुन्छ । तसर्थ विद्यालयको विकासमा समुदायको चासो हुनुपर्दछ । यसको लागि विद्यालयले विभिन्न कार्यक्रमको आयोजना गरी समुदायलाई विद्यालयप्रति बढी चासो र जिम्मेवारी बनाउनुपर्दछ ।

विद्यालय सुधार योजनालाई शिक्षाको राष्ट्रिय उद्देश्य पुरा गर्न कोशे ढुङ्गाको रूपमा लिइन्छ । यसलाई विद्यालयको विकासमा अभ्यासको रूपमा प्रयोग गरिन्छ । योजना निर्माणमा सरोकार राख्ने सबै पक्षहरूको क्रियाशिलता रहनुपर्दछ । विद्यालयको गुणस्तर वृद्धिका लागि योजनाको अभ्यास गर्नुपर्दछ । योजना सुधारको लागि हुनुपर्दछ । योजनालाई गन्तव्यमा पुऱ्याउन स्थानीय स्तरको सक्रियता र माथिल्लो स्तरको सहयोगको आवश्यकता पर्दछ ।

विद्यालय सुधार योजना र कार्यान्वयनमा अभिभावक तथा समुदायलाई सचेतनामूलक कार्यक्रमबाट अझ बढी जागरूक र संवेदनशील बनाउनुपर्दछ । विद्यालय समाजको प्रतिनिधित्व गर्ने संस्था भएकोले हरेक जात, धर्म, भाषा, लिङ्ग, वर्ग, क्षेत्रलाई सम्बोधन गर्ने गरी सक्रिय सहभागीता बढाउनु पर्दछ । योजना निर्माणमा सबैको सहभागीता हुन सकेमा सबैको दायित्व र जिम्मेवारी पनि बढेको आभास हुन गई विद्यालयप्रतिको विश्वसनीयता र जवाफदेहिता बढ्दै जान्छ । योजनाले स्थानीय स्रोत साधनको भरपुर उपयोग गर्न सक्नुपर्दछ । स्थानीय आवश्यकता र चाहाना योजनामा प्रतिविम्वित हुन सक्नु पर्दछ ।

स्थानीय सरोकारवालालाई सक्षम र दक्ष बनाउन सापेक्षित तालिम तथा प्रशिक्षणको व्यवस्था गर्नु पर्दछ । एडवार्ड डेमिङको सम्पूर्ण गुणस्तरीय व्यवस्थापन सिद्धान्त अनुसार विद्यालयमा विद्यमान सबै पक्षहरू शैक्षिक, प्रशासनिक, आर्थिक, सामाजिक, राजनीतिक आदिलाई एकीकृत रूपमा प्रयोग गरिनु पर्दछ । योजना निर्माणमा सामाजिक माग उपागमको मान्यतालाई पूर्ण रूपमा लागू गर्न सक्नुपर्दछ । योजनामा समावेशी चरित्रको दृश्य आउनुपर्दछ । सूचना तथा सञ्चारको राम्रो व्यवस्था हुनु पर्दछ । नेतृत्व प्रजातान्त्रिक मूल्य र मान्यतामा आधारित हुनु पर्दछ । आर्थिक अवस्थामा सुधार ल्याउन समुदाय केन्द्रित कार्यक्रम गर्न सक्नुपर्दछ । अभिभावक भेला गरी विद्यालयको गतिविधिमा विश्वस्त पार्न सक्नुपर्दछ । नियमित अनुगमन र सुपरिवेक्षणको व्यवस्था गर्नु पर्दछ ।

***लेखक परिचय***

*श्री हरिबहादुर थापा सुर्खेत क्याम्पस (शिक्षा)का सहायक क्याम्पस प्रमुख (दिवा) तथा शैक्षिक योजना तथा व्यवस्थापन विषयका शिक्षण सहायक हुनुहुन्छ । उहाँका थुप्रै लेख रचनाहरू तथा क्याम्पस स्तरीय पाठ्यपुस्तकहरू समेत प्रकाशित छन् ।*

## सन्दर्भ सूचि

खनाल, पेशल (२०६४), *शैक्षिक अनुसन्धान पद्दति,* काठमाडौं: स्टुडेन्टस बुक्स पब्लिसर्स एण्ड डिष्ट्रिव्यूटर्स ।

बुढा, मनिराम (२०६२), *विद्यालय सुधार योजना निर्माण,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

शाही, रामबहादुर (२०६७), *विद्यालय सुधार योजना निर्माण र कार्यान्वियन,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सुर्खेत : सुर्खेत क्याम्पस (शिक्षा) ।

शिक्षा विभाग (२०६०), *सामुदायिक विद्यालय सहयोग कार्यक्रम निर्देशिका,* काठमाडौं, श्री ५ को सरकार शिक्षा तथा खेलकुद मन्त्रालय ।